आज मिति २०७९ साल फागुन महिनाको २९ गते सोमबारको दिन २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.ब.०७९/०८० को नवौं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विसुंखे | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौड्याल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (सुचना अधिकारी, वरिष्ठ शाखा अधिकृत)
२. श्री गणेश गुरुङ (वरिष्ठ लेखा अधिकृत)
३. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०७९/११/२८ गते नगर प्रमुखज्यूबाट मिति २०७९/११/२९ गते आ.ब.०७९/०८० को नगर कार्यपालिकाको नवौं बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | घर नक्शा पासको म्याद थप सम्बन्धमा । | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३८ बमोजिम भवन निर्माण गर्नु पर्ने अवधि सम्बन्धमा यस कार्यपालिकाको १०१ औं बैठकबाट भएको निर्णयलाई मध्यनजर गर्दा अस्थायी भवन निर्माण स्वीकृति लिइ उक्त अवधिभित्र भवन निर्माण सम्पन्न प्रमाण पत्र लिन बाँकी रहेको भवनहरु उक्त तोकिएको अवधि पछाडी समेत नक्शा पास प्रक्रियामा आउने गरेको हुदाँ चालु आ.ब.को आर्थिक ऐनले तोकेको शुल्कमा तपसिल बमोजिमको थप शुल्क/जरिवाना लिइ म्याद थप गर्ने ।<br>तपसिल<br>क. अनुमति प्राप्त गरेको मितिले दुइ वर्ष भित्र म्याद थप गर्न निवेदन पेश गरेमा ५% मात्र ।<br>ख. दुई वर्ष पछि म्याद गुजारी निवेदन पर्न आएमा जम्मा २०% ।<br>ग. चार वर्ष पछि म्याद गुजारी निवेदन पर्न आएमा जम्मा ३०% । |
| २. | नगर प्रहरी सम्बन्धमा । | • यस नगरपालिकालाई आवश्यक नगर प्रहरी करार सेवामा लिने प्रयोजनका लागि मिति २०७९/१०/०५ गते प्रकाशित सूचना अनुसार मिति २०७९/१०/२० गतेको परिक्षा, अन्तर्वार्ता र सूचिकरण समितिको निर्णयानुसार स्वीकृत भएका आवेदकहरुमा नगरपालिका तर्फ आवश्यक निवेदन परेको हुदाँ दक्षिणकाली नगरपालिकाको नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०७८ ले तोके बमोजिम परिक्षा सञ्चालन गर्ने र दक्षिणकाली क्षेत्र विकास समितिको लागि आवश्यक आवेदन प्राप्त नभएको हुदाँ उक्त विज्ञापनलाई रद्द गरी आवेदकले बुझाएको दस्तुर फिर्ता गर्ने । |
| ३. | नगर अस्पताल सञ्चालन तथा जेष्ठ नागरिक घरदैलो कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा । | • यस कार्यपालिकाको चालु आ.ब.को सातौं बैठकको निर्णयानुसार यस नगरपालिका अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य केन्द्र, चाल्नाखेललाई नगर अस्पतालको रुपमा स्तरोन्नती गरि सञ्चालन गर्न एवं यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतको जेष्ठ नागरिक घरदैलो कार्यक्रम सञ्चालन गर्नको लागि कार्यविधि आवश्यक भएको हुदाँ उक्त कार्यविधिहरु निर्माण गर्ने । |
| ४. | विविध । | • यस नगरपालिका वडा नं.५ को बसपार्क नजिक सार्वजनिक ढल माथि र अन्य स्थानमा समेत सार्वजनिक जग्गा अतिक्रमण गरी अनधिकृत रुपमा स्थानीय संरचनाहरु निर्माण भएको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था र अन्य आवश्यक कानूनी प्रक्रिया पुरा गरी हटाउने कारवाही अगाडी बढाउने ।<br>• यस नगरपालिका क्षेत्र भित्र रहेका जग्गाहरुको साँधसिमाना तथा नापि नक्शा र भोगचलन फरक परेकाले जग्गासम्बन्धी कामकाज गर्न निकै कठिनाई भई विवादहरु सिर्जना भईरहेको तथा विकास निर्माण, घर नक्सा पासमा समेत समस्या भएको हुदाँ तत्काल हालसाविक गर्नु पर्ने आवश्यकता भएकोले जग्गा हाल साविक गरिदिनको लागि नापि कार्यालय, कलंकी र मालपोत कार्यालय, कलंकीलाई अनुरोध गर्ने । |